# स्वास्थ्य तथा सरसफाई सेवा ऐन

## २०७८

तातोपानी गाउँपालिका

कर्णाली प्रदेश, नेपाल

तातोपानी, जुम्ला

## तातोपानी गाउँपालिकाको
## स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७६

**प्रस्तावना:**

तातोपानी गाउँपालिकाका सर्म्पूण वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्नु गाउँपालिकाको प्रमुख जिम्मेवारी रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० अधिकारहरुलाई र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २३ (झ) र उपदफा ४ को ख मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम तातोपानी गाउँपालिकाको गाउँसभाले यो ऐन तर्जुमा गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस ऐनलाई तातोपानी गाउँपालिको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७६ भनिने छ।

(ख) गाउँ सभाबाट स्वकृित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

(ग) यो ऐन तातोपानी गाउँपालिका भरी लागू हुनेछ।

**२. परिभाषा:**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -**

(क) "ऐन" भन्नाले तातोपानी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७६ लाई सम्झनु पर्छ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्वन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले तातोपानी गाउँपालिका वुझ्नुपर्छ।

(घ) "गाउँ सभा" भन्नाले तातोपानी गाउँपालिकाको गाउँ सभालाई वुझ्नुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले तातोपानी गाउँपालिकाको कार्यपालिका वुझ्नुपर्छ।

(च) "अध्यक्ष" भन्नाले तातोपानी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(छ) "उपाध्यक्ष" भन्नाले तातोपानी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तातोपानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले तातोपानी गाउँपालिकाका वडा अध्यक्ष सम्झनुपर्छ।

(ञ) "कार्यपालिका सदस्य" भन्नाले तातोपानी गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ। सो शव्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई वुझाउछ।

(ट) "वडा समिति" भन्नाले तातोपानी गाउँपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाइ सम्झनुपर्छ।

(ठ) "शाखा" भन्नाले तातोपानी गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ।

(ड) "सरकारी वा सामुदायिक" भन्नाले सुरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

तातोपानी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७६

(ढ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ आयुर्वेद तथा बैकल्पीक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ । सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी वा निजि वा सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(ण) "प्रादेशिक ऐन" भन्नाले कर्णाली प्रदेश सरकारले स्वास्थ्य सम्वन्धी बनाएको ऐन बुझ्नु पर्दछ ।

(त) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झानु पर्छ ।

(थ) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागी राज्यबाट सुलभ रुपमा नि शुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक , प्रतिकारात्मक , निदानात्मक , उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(द) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी नीजि क्षेत्रवाट सञ्चालित हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(ध) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्था तथा गैह्र नाफामूलक संघ-संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थाहरु (जस्तै अस्पताल, क्लिनिक, नर्सिङ होम, वैद्यखाना, सुधारकेन्द्र, फार्मेसी अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई सम्झनु पर्दछ ।

(न) "स्वास्थ्य सेवा व्यवसाय" भन्नाले स्वास्थ्य उपचारका लागी चाहिने सबै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसार पसार भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसाय बुझ्नुपर्छ ।

(प) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले गाउँपालिकामा स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको स्वास्थ्य शाखा प्रमुख कर्मचारी बुझ्नुपर्छ ।

(फ) "कर्मचारी" भन्नाले गाउँपालिका र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारी समेतलाई बुझ्नुपर्छ । सो शब्दले गाउँपालिका र मातहतमा कार्यरत कर्मचारीलाई समेत जनाउछ ।

(ब) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(भ) " सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक , स्वास्थ्यकर्मी र समुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

(म) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(य) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा, योग, अक्युपञ्चर, आम्ची, चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशासक ( प्यालिएटिभ ) सेवा सम्झनु पर्छ ।

(र) "अनुमति" भन्नाले संघीय सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसाय खोल्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।

(ल) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसायलाई संघीय सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(व) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यबिधीहरुमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ ।

(श) "स्वास्थ्य सेवा व्यवस्थापन समिति" भन्नाले दफा (९) अनुसार गाउँपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ ।

(ष) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा (१४) को उपदफा (२) र (३) अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(स) "निदान केन्द्र" (डाइग्नोस्टिक सेन्टर) भन्नाले रेडियो इमेजिड, प्रयोगशालाबाट गरिने जैविक तथा परजैविक जाँच लगायतका निदानात्मक सेवाहरूप्रदान गर्न कानुन बमोजिम इजाजत प्राप्त संस्थाले सञ्चालन गरेको सेवा केन्द्र सम्झनुपर्छ ।

(ह) मन्त्रालय भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या सम्बन्धि हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवाः**

(१) तातोपानी गाउँपालिकाका प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गत तोकिए बमोजिम आधारभूत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा निःशुल्क प्रदान गरिनेछः

क) खोप सेवा,

ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवति, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

ग) सरुवा रोग सम्बन्धि सेवा,

घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा,

ङ) मानसिक रोग सम्बन्धी सेवा,

च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त बैकल्पिक स्वास्थ्य सेवा,

ट) संघीय सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा,

ठ) प्रदेश सरकारले राजपत्रमा सुचना जारी गरी कर्णाली प्रदेशका लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

(ड) तातोपानी गाउँपालिकाले स्थानिय राजपत्रमा सुचना जारी गरी गाउँपालिकाको लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

२) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ ।

३) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा तातोपानी गाउँपालिकाले थप गर्न सक्नेछ । थप गरिएका सेवाहरुको हकमा आर्थिक भार तातोपानी गाउँपालिकाले ब्यहोर्नु पर्नेछ ।

(४) गाउँपालिकाभित्र आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचना रहने छन् ।

(५) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, भौगोलिक अवस्था आदी कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन

(४) गाउँपालिकाभित्र आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचना रहने छन् ।

(५) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, भौगोलिक अवस्था आदी कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन

**(क) सरकारी वा सामुदायिक :** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी :** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ :** ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

५. **विशेषज्ञ स्वास्थ्य सेवाः**

(१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतीका आधारमा तालिमप्राप्त गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवाको व्यवस्थापन गर्नेछ ।

(२) कुनै पनि गैर सरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा गाउँपालिकासँग समन्वयन गरी स्वीकृती लिई संचालन गर्नुपर्ने छ ।

६. **आकस्मिक उपचार सेवाः**

(१) गाउँपालिका भित्र संघीय सरकार र प्रदेश सरकारले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि समन्वय गर्नुपर्नेछ ।

(२) कुनै किसिमको दुर्घटना वा महामारीजन्य आपत्कालीन अवस्थामा पिडितहरुलाई घटनास्थलमै वा स्वास्थ्य संस्थासम्म लैजाने क्रममा सम्बद्ध निकायले स्वास्थ्य संस्थासँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवाको प्रदान गर्नु पर्नेछ ।

(४) कुनै पनि आकस्मिक अवस्थामा स्वास्थ्य सेवा प्रदान गर्नु पालिका तथा स्वास्थ्यकर्मीको दायित्व हुनेछ ।

७. **प्रेषण सेवाः**

(१) गाउँपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा समन्वय गरि प्रेषण गर्नुपर्नेछ । तर आफ्नो संस्थामा उपरोक्त सेवा र सेवाप्रदायक हुदाँहुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाईने छैन ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नुपर्दछ ।

(३) प्रेषण सम्बन्धि अन्य सेवा र सुविधा मन्त्रालय र प्रदेशबाट व्यवस्था गरे अनुसार हुनेछ ।

(४) यस दफामा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्नमा बाधा पुग्ने छैन ।

८. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड:**

(१) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुने छ ।

९. **स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको संचालन, व्यवस्थापन तथा रेखदेख गर्न स्थानीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छ:

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) गाउँपालिका भित्रका स्वास्थ्य संस्था प्रमुख मध्ये कार्यपालिकाले तोकेका - सदस्य

(घ) गाउँपालिका क्षेत्र भित्र कार्यरत पारामेडिक्स मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना - सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(छ) कार्यपालिकाको सदस्यहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना - सदस्य

ज) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाउँपालिका अध्यक्षले तोकेको २ जना - सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैर सरकारी तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य सेवा सञ्चनलन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यवसाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन तथा मूल्यांकनका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(झ) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा कर्मचारी, नियुक्ति गर्नु पर्ने भएमा गाउँपालिकाको करार कर्मचारी छनौट समिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

(ञ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायीहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण

गर्ने, स्विकृती दिने ।

(ट) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासो, उजुरी, सुन्ने, तथा यथोचित सम्वोधन गर्ने, गराउने ।

(ठ) गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(ड) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(ढ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) समितिको बैठक र निर्णय सम्बन्धमा :

(क) समितिको वैठक चौमासीक रुपमा वस्नेछ । आवश्यकता अनुसार समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले कुनैपनि वेला वैठक वोलाउन सक्नेछन ।

(ख) समितिको वैठक बस्नुभन्दा कम्तीमा चौवीस घण्टा अगावै सदस्य-सचिवले वैठकमा छलफल हुने कार्यसूची सहितको सूचना समितिको सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(ग) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा सँस्थालाई समितिको बैठकमा बिषेशज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(च) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) सेवा सुविधा तोकिए वमोजिम हुनेछ ।

(ज) उपदफा (१) अन्तर्गतका सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि वहुमत सदस्यले कार्यपालिकालाई जानकारी दिई पदवाट हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मुनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नवुझेमा न्यायिक समितिमा उजुरी दिन सकिने छ ।

**१०. गाउँपालिका स्तरिय गुणस्तर सुधार सुनिश्चितता कार्य समिती**

(१) पालिकास्तर एवं मातहतका स्वास्थ्य संस्थाहरुवाट दिईने स्वास्थ्य सेवाहरुमा नेपाल सरकारले तोकेका मापदण्ड अनुसारको गुणस्तर सुनिश्चितताका लागी पालिका स्तरमा गाउँपालिका स्तरिय गुणस्तर सुधार सुनिश्चितता समिती रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितीमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| (ख) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) | स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष | सदस्य |
| (घ) | सामाजिक समिती संयोजक | सदस्य |
| (ङ) | निवार्चित महिला सदस्य मध्येबाट १ जना दलित महिला सदस्य अनिवार्य रहने गरी २ जना | सदस्य |
| (च) | उपभोक्ता मञ्चबाट १ जना | सदस्य |
| (छ) | गाउँपालिका भित्रको अस्पतालबाट १ जना नर्सिङ प्रतिनिधि | सदस्य |

(ञ) १ जना प्रतिनिधि सदस्य गुणस्तर सुधार सम्बन्धी कार्य गर्ने संघ संस्थाको प्रतिनिधी — सदस्य

(ट) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(२) गाउँपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई गुणस्तरियता कायम गर्न गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समिति र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति प्रति जवाफदेही हुने गरि गाउँकार्यपालिकाले प्रत्येक स्वास्थ्य संस्थामा तोकिए बमोजिमको स्वास्थ्य गुणस्तर सुनिश्चितता समूह गठन गर्न सक्नेछ ।

(३) गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको काम, कर्तव्य र अधिकार तपशिल वमोमिको रहने छन्

(क) स्वास्थ्य सेवा प्रवाह सम्बन्धि तथ्य/प्रमाण को वारेमा छलफल गरि गुणस्तर सुधार कार्ययोजना निर्माण गर्ने र गाउँपालिका स्वास्थ्य समितीलाई प्रतिवेदन गर्ने ।

(ख) अनिवार्य रुपमा चौमासीक तथा आवश्यकता अनुसार थप वैठक बस्न सक्नेछ ।

(ग) समितिका सदस्यहरूसंग समन्वय गरेर सदस्य सचिवले वैठक बोलाउने र वैठकको सहजीकरण गर्ने ।

(घ) गुणस्तर सुनिश्चिता कार्य समितिको बैठक र यसले गर्ने कार्यहरुको अभिलेख दुरुस्त राख्नको लागि छुट्टै रजिष्टर हुनुपर्दछ ।

(ङ) समितिको नियमित बैठकको उपस्थिति र निर्णयहरु लेख्दा एकरुपताको लागि बैठक अध्यक्षता गर्ने व्यक्ति, मिति, स्थान,उपस्थित व्यक्तिहरुको नाम र दस्तखत, छलफलका विषयहरु, बैठकका बैठक निर्णयहरु सहित कार्ययोजना समेत तयार गर्नु पर्नेछ ।

(च) गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) यस समितीको विस्तृत काम कर्तब्य नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गुणस्तर सुधार सम्बन्धिको परिमार्जित निर्देशिका- २०७३ बमोजिम हुनेछ ।

**११. गाउँपालिका स्वास्थ्य अनुगमन समिति गठन:**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न गाउँपालिका स्वास्थ्य समितिको मातहतमा रहने गरी स्वास्थ्य अनुगमन समिती गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) गाउँ सभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको १ जना महिला सदस्य - सदस्य

(घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट गाउँपालिका स्वास्थ्य समितिले तोकेको एकजना -सदस्य

(ङ) गाउँपालिका भित्रका स्वास्थ्य व्यवसायी संघहरु मध्येवाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकारः- गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार गाउँपालिका स्वास्थ्य सेवा अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

**१२. स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**

(१) गाउँपालिका आफैंले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम रहने गरि अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संरक्षक |
| (ख) गाउँपालिका भित्र बसोवास गर्ने तोकिएको योग्यता पुगेको व्यक्ती मध्ये कार्यपालिकाबाट मनोनीत व्यक्ति | - अध्यक्ष |
| (ग) सामाजिक बिकास समितिको संयोजक | - सदस्य |
| (घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष | - सदस्य |
| (ङ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति | -सदस्य |
| (च) गाउँपालिका स्वास्थ्य शाखाको प्रमुख | - सदस्य |
| (छ) गाउँकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना | - सदस्य |
| (ज) गाउँपालिका तहको अस्पतालको नर्सिङ ईन्चार्ज एक जना | - सदस्य |
| (झ) स्थानिय उद्योग व्यापार संघको अध्यक्ष | -सदस्य |
| (ञ) गाउँपालिका तहको अस्पतालको मे.सु. | - सदस्य सचिव |

(३) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी (स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति), आधारभुत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य ईकाइ व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टा-छुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संरक्षक |
| (ख) गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष | - अध्यक्ष |
| (ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एक जना | - उपाध्यक्ष |
| (घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रधानाध्यापक मध्येबाट एक जना | -सदस्य |
| (ङ) स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | - सदस्य |
| (च) समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट एकजना | - सदस्य |
| (छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी | - सदस्य |
| (ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख | - सदस्य सचिव |

(४) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, गाउँपालिका वा वडाका कार्यकारी अधिकारी र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

(५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ। समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ।

(६) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,

क. दलित जनजातिबाट १ जना

ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

(७) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ।

(८) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थाका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै ऐनमा व्यवस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(९) स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछन्

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package) प्रवाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिका तथा गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसूचि २)।

(घ) स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारबाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुबाट बच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीब र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायकर स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्य (भ(ज्भबतिज) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि गाउ‘‘पालिका अन्तर्गतका गाउँपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्यं सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(११) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुने छैन ।

१३. **बैंक खाता सञ्चालन** : हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन स्वास्थ्य संस्था रहेको वडा कार्यालयको सचिव र स्वास्थ्य संस्था ईन्चार्जको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**१४. गाउँपालिकाको स्वास्थ्य सेवा शाखाको व्यवस्था :**

गाउँपालिकामा स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन गर्नका लागी स्वास्थ्य शाखा रहने छ जस्मा देहाय बमोजिकमा कर्मचारीहरु रहने छन ।

(१) गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न स्वास्थ्य प्राविधिक (हे.ई) मध्येबाट कार्य सम्पादनमा कुशलता तथा जनस्वास्थ्य संग सम्बन्धित बिषयमा हाँसिल गरेको न्युनतम शैक्षिक योग्यताका आधारमा कार्यपालिकाले तोकेको एकजना अधिकृत छैटौं तहका स्वास्थ्य शाखा प्रमुख हुनेछन् । त्यसै गरी सुरक्षित मातृत्व सम्बन्धि कार्यक्रमका लागी स्वास्थ्य प्राविधिक (कम्युनिटी नर्सिङ) मध्येबाट वरिष्ठताका, कार्य सम्पादनमा कुशलता तथा नर्सिङ सेवासंग सम्बन्धित बिषयमा हाँसिल गरेको शैक्षिक योग्यताका आधारमा कार्यपालिकाले तोकेको एकजना छैटौ तहको नर्सिङ अधिकृत स्वास्थ्य शाखा प्रमुखको मातहतमा रहने छन् ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार संघिय स्वास्थ्य मन्त्रालयले तोके बमोजिम सहित देहाय बमोजिम हुनेछ :

(क) स्वास्थ्य सेवा सम्वन्धी स्थानीय योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने ।

(ख) कार्यपालिका तथा गाउँ सभाबाट स्वास्थ्य सम्बन्धित आवश्यक ऐन कानून, नीति नियम निमार्ण तथा पारित गर्न कार्यान्वयन गर्न, गराउन क्रियाशिल रहने ।

(ग) गाउँपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउन, नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण दिने, कार्य सम्पादन मूल्या·कनको आधारमा स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मि लाई पुरस्कृत गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था, सेवा प्रदान तथा स्वास्थ्य व्यवसायको तथ्याङ्क नियमित अद्यावधिक गरी गराई कार्यपालिका, प्रदेश तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने

ङ) स्वास्थ्य संस्था सञ्चालन तथा स्वास्थ्य तर्फका कार्यक्रम संचालन र कार्यान्वयनका लागि श्रोतको पहिचान, संकलन र उपलब्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने

(च) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवशाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना वनाई स्वास्थ्य समिति समक्ष पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गराउने ।

(छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा आवश्यक कर्मचारीको पदस्थापन, सम्वन्धी कार्य गर्ने

(ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, १ हप्ता सम्मको विदाहरू स्वीकृत गर्ने,

(झ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने, गराउने

(ञ) गाउँपालिकाको स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने

(ट) स्वास्थ्य सेवा संग सम्बन्धीत तथा आफ्नो पदिय कार्य गर्दा कार्यपालिका, गाउँ सभा एवं प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने, गराउने

(३) नर्सिङ अधिकृतको काम, कर्तव्य र अधिकार संघिय स्वास्थ्य मन्त्रालयले तोके बमोजिम सहित देहाय बमोजिम हुनेछ :

(क) पालिकाको स्वास्थ्य सेवा अर्न्तगत सुरक्षित मातृत्व सम्बन्धि स्थानीय योजना निर्माण गर्ने र कायान्वयन गर्ने, अभिलेख तथा प्रतिवेदन तयार गर्ने

(ख) स्वास्थ्य संस्थाहरुमा गुण्स्तरीय गर्भवति जाँच तथा संस्थागत सुत्केरी सेवाको प्रत्याभुति दिन नियमीत अनुगमन तथा सुपरिवेक्षण गर्ने, आवश्यक औषधि तथा उपकरणहरुको व्यवस्थापन गर्ने

(ग) पालिका स्तरमा आकस्मिक प्रशुति कोष खडा गर्नका लागी आवश्यक पहल गरी कोषको सुनिश्चितता गर्ने

(घ) मापदण्ड अनुसारको गर्भजाँच, संस्थागत सुत्केरी सेवाको प्रवद्धन तथा विस्तार र उत्तर प्रशुति जाँचको व्यवस्थापन गर्ने

(ङ) स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ स्टाफहरुको क्षमता अभिबृद्धिका लागी विभिन्न आवश्यक तालिमहरुको योजना गर्ने र कार्यान्वयन गर्ने

(च) नियमित रुयमा स्वास्थ्य चौकिको सेवाको अनुगमन गर्ने र नर्सिङ स्टाफहरुलाई स्थलगत अनुशिक्षण दिने

(छ) परिवार नियोजनका साधनहरुको यथेष्ट प्रयाप्तताको सुनिश्चितता गर्ने र आवश्यकता अनुसार ढुवानीको व्यवस्थापन गर्ने

(ज) विभिन्न शिविरहरुको योजना गरी आवश्यक समन्वयन गरी शिविरहरुको नियमित संचालन गर्ने

(झ) महिलाको स्वास्थ्यसँग सम्बन्धित विभिन्न सामाजिक कुरीतिहरुका जस्तै छाउप्रथा आदी विरुद्ध अन्य निकांयहरुसँग समन्वयन गरी विभिन्न कार्यकमहरुको योजना गरी कार्यान्वयन गर्ने ।

(ञ) स्वास्थ्य सेवामा लैगिङ्ग समानता तथा सामाजिक समावेशिकरण कायम गर्न योजना तर्जुमा तथा कार्यान्वयन गर्ने

(ट) स्वास्थ्य शाखा अन्र्तगतका विभिन्न प्रशासनिक कार्यमा शाखा प्रमुखलाई सहयोग गर्ने

(ठ) तोकिएका अन्य कार्यहरु

(४) उपदफा १ मा जे भनिएता पनी पालिकाले कामको चाप र कुशल कार्य सम्पादनको लागि अन्य प्राविधिक कर्मचारीहरुलाई काजमा शाखामा खटाउन सक्नेछ ।

(५) शाखामा काम गर्नको लागी करारमा कार्यालय सहयोगी रहनेछन ।

## परिच्छेद: ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**१२. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) अस्पताल : गाउँपालिका आफैले, ताकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : गाउँपालिकाले संविधान प्रदत्त जनताको स्वास्थ्य अधिकारलाई व्यवहारमा उपलब्ध गराउन प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) जनशक्ति: छैटौं तह अधिकृत ( स्वास्थ्य हे.ई ) १ जना, पाचौं तहका २ जना जस्मा (हे.अ । सि.अहेव ) १ जना र सि.अ.न.मी १ जना, चौथो तहका २ जना जस्मा अहेव १ जना र अनमी १ जना हुनेछन। आवश्यकता अनुसार ल्याव टेक्निशियन तथा स्वास्थ्य प्रर्वद्धक करारमा नित्ती गर्न सकिनेछ।

(ख) प्रत्यक स्वास्थ चौकीमा १ जना कार्यलय सहयोगी करारमा र वर्थिङ सेन्टर भइको स्वास्थ्य चौकीमा थप १ जना स्वईपर हुनेछ ।

(ग) भवन कोठा: प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, गर्भ जाँच तथा प्रसुती कक्ष जस्ता सुविधा सहितको भवन

(घ) उपकरण: प्राथमिक उपचारका आधारभूत उपकरण, प्रसुती उपकरण, प्रयोग शाला उपकरण ।

(३) स्वास्थ्य चौकी नभएको वडाहरुमा १बटा आधारभुत स्वास्थ्य केन्द्र संघिय सरकारले तोके बमोजिमको रहनेछ।

(क) जनशक्ती : हे.अ. / अ.हे.व. १जना, स्टाप नर्स / अ.न.मी. १जना र कार्यालय सहयोगि १ जना रहनेछ।

(ख) भवन कोठा : संघ र प्रदेशले निर्धाण गरेको मापदण्ड अनुसार हुनेछ ।

(४) सामुदायिक स्वास्थ्य ईकाई : भौगोलिकताको आधारमा संघ र प्रदेशको मापदण्ड अनुसार हुनेछ ।

(५) उपदफा २ (क) मा जे भनियता पनी गाउँपालिकाले प्रभावकारी सेवा संचालन गर्नका लागी थप कर्मचारीहरु करारमा नियुक्त गर्न सक्नेछ । यसरी करारमा कर्मचारी नियुक्त गर्दा दफा २६ को उपदफा २ बमोजिम गठित समितीको कार्यविधि अनुसार गर्नुपर्ने छ ।

तातोपानी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७६

(६) स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीहरुको काम, कर्तव्य र अधिकार संघिय स्वास्थ्य मन्त्रालयले तोके बमोजिम सहित देहाय बमोजिम हुनेछ :

(क) आ–आफ्नो जिम्मेंवारी अन्तर्गतका सेवाहरुको तथ्याङ्क तथा प्रतिवेदन अद्यावधिक गरी चुस्त, दुरुस्त राख्नु पर्ने छ। वडा कार्यालय वा पालिकाले माग गरेको खण्डमा पेश गर्नु पर्ने छ।

(ख) नर्सिङ्ग स्टाफहरुले स्वास्थ्य संस्था स्तरमै अत्यावश्यक सुत्केरी हेरचाह कोष खडा गर्नका लागी वडा कार्यालय तथा पालिकासँग समन्वयन गर्नु पर्ने छ। साथै यसरी गठित कोषको अवस्थाको बारेमा पालिकामा तथा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितीको बैठकमा स्वयं उपस्थित भई जानकारी दिनु पर्ने छ।

(ग) स्वास्थ्य संस्था प्रमुखले संस्थामा सुशासन कायम कायम गर्नका लागी जिम्मेवार हुनु पर्ने छ। नागरीक वडा पत्र, सुझाब पेटीकाको व्यवस्थापन तथा सेवाग्राहीको सन्तुष्टि मापन, सामाजिक परिक्षण जस्ता कृयाकलापहरु नियमित संचालन गर्नका लागी वडा कार्यालय तथा पालिकासँग समन्वयन गनु पर्ने छ। मासिक प्रगतिको बारेमा स्वास्थ्य संस्था संतालन तथा व्यवस्थापन समितीको बैठकमा जानकारी दिनु पर्ने छ।

(घ) गुणस्तरीय सेवा प्रदान गर्नका लागी प्रतिबद्दहुनु पर्ने छ।

(ङ) सेवाको पहुँच बढाउनका लागी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितीसँगको समन्वयनमा जनपरिचालन, घुम्ती सेवा जस्ता कृयाकलापहरु संचालन गर्नु पर्ने छ।

(च) तोकिए बमोजिमका अन्य कार्यहरु।

(७) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मुलक र वैकल्पीक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ।

(८) २४ सै घण्टा संचालन हुनेगरी प्रत्यक स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर थप गर्न सकिनेछ।

**१६ निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले १ महिना भित्र तोकिएको मापदण्ड पुरा गरेका निकायलाई यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ।

**१७ अस्पताल संचालन गर्न आवश्यक मापदण्ड:** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ बेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ।

(१) जनशक्तिः कम्तिमा २ जना एमबिबिएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.हे.व., ४ जना अ.न.मी र आवश्यक मात्रमा सहयोगी कर्मचारी

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, प्रयाप्त जमिन ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

**१८. पोलिक्लिनिक संचालनको अनुमतीः**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

**१९. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्यावमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्यावमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

**२०. फार्मेसी संचालनको अनुमती**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

**२१. मापदण्ड पुरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको ल्याव परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

२२. **सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने:** निजी, साझेदारी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

(१) प्रत्येक महिना कम्तीमा १० प्रतिशत विरामी ( जेष्ठ नागरिक, अपांग, गरिव ) लाई निशुल्क उपचार गर्नु पर्नेछ ।

**परिच्छेद: ४**

**स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था**

२३. **कर्मचारी व्यवस्थापन :**

(१) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरु स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम नै हाललाई कार्यरत रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेका निर्देशन र कर्मचारी समायोजन ऐन बनेपछि सोहि बमोजिम हुनेगरी व्यवस्था गरिनेछ ।

(३) स्थानिय स्रोतबाट करारमा भर्ना गरि कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार: स्थानीय माग र विशिष्टताको आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

२४. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था:** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँ पालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम ८ कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति १५० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी १२ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर, कामगर्न नसक्ने र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यवस्था गरि बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा ८ कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

(५) स्वास्थ्य आमा समुहको अनुरोध र स्वास्थ्य संस्थाको सिफारिसमा ६० वर्षको उमेरसम्म आफनो सेवा प्रदान गर्न सक्ने छन् । सिफारिस नभएमा वा ६० वर्ष पूरा भएपछि स्वत: पदमुक्त हुनेछ ।

(६) यदि सम्वन्धीत वडा तथा वस्तीमा उपदफा (१) बमोजिमको योग्यता नभएका महिलाको हकमा सामान्य लेख पढ गर्न सक्ने महिलालाई पनि राख्न सकिने छ ।

**२५. स्वास्थ्यकर्मीको सेवा सुविधा:**

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : विभिन्न शैक्षिक संस्थाहरुले स्वास्थ्य अभ्यासकर्ता खटाउनु पुर्व गाउँपालिकाको अनुमति लिनु पर्नेछ । सो को तलव तथा अन्य व्यवस्था गाउँपालिकले गर्नेछैन् । यदि गाउँपालिकाले आवश्यक ठानी अभ्यासकर्ता नियूती गरेमा निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको अधिकतम एक तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मीको विदा र सेवा सुविधा सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून वमोजिमको हुनेछ ।

**२६. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति:** सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको सम्वन्धीत विषयको विज्ञ १ जना – सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) गा.पा.को प्राविधिक कार्यविधि अनुसार गरिनेछ ।

**२७. कर्मचारी सरुवा:**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका

आधारमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखाको रायका आधारमा आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२८. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता ६ महिनाको हुने छ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो संग सम्बन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन पाईने छैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश र गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए बाहेक गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

(६) उपदफा (१) अनुसार नियूक्त हुनेको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(७) अन्यत्र जेसुकै लेखिएतापनि आफ्नो क्षमता र कामको आधारमा कार्यपालिकाले तयार गरेको सेव सुविधा र सर्तहरु करारमा उल्लेख गरी करार कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

२९. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३०. **पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन गाउँपालिकाको स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ । सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनकालागी कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**३१. अदालतको आदेशबाट पुन:बहाली हुन सक्ने:**

(१) दफा (३०) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुन:बहाली भएको मिति सम्मको पुरा तलब ,भत्ता, तलब वृद्धि तथा अन्य सुविधा पाउँन योग्य भए सो समेत पाउनेछ ।

**परिच्छेद ५**

**औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था**

**३२. औषधी, स्वास्थ्य उपकरण एवं सामाग्रीहरुको खरिद सम्बन्धि व्यवस्था**

१. वार्षिक खरिद योजना बनाउनु पर्ने:

(क) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(ख) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

२. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(क) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि बढाउने छ ।

(ख) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

(ग) औषधी तथा स्वास्थ्य उपकरण खरिद गर्दा स्वास्थ्य संस्थाको तह अनुसार सेवा प्रदान गर्नका लागी सघिय मन्त्रालयले तोके अनुसारका औषधि खरिद गर्नु पर्ने छ । साथै आवश्यकता अनुसार थप औषधि खरिद गर्न सक्ने छ ।

३. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण

(क) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य शाखाले मिलाउने छ ।

(ख) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्बन्धित स्वास्थ्य संस्थाले माग गरे वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ ।

(ग) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(घ) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित स्वास्थ्य संस्था मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**३३. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

**३४. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**३५. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७
## स्वास्थ्य सेवाको पहुँच र गुणस्तर

**३६. स्वास्थ्य सेवाको पहुँचः**

(१) प्रत्येक गाउँपालिका वासीलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने हक हुनेछ ।

(२) गाउँपालिकावासीमा ( विशेष गरि भौगोलिक तथा अन्य हिसावले पछाडि परेका स्थान, वर्ग, समुह ) आधारभूत स्वास्थ्य सेवाका पहुँच सुनिश्चित गर्न गाउँपालिकाले त्यस्ता क्षेत्र पहिचान गर्ने र उपयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने संस्था वा व्यक्तिको व्यवस्था गर्नुपर्नेछ ।

(३) स्वास्थ्य संस्थाहरुमा भौतिक पुर्वधारहरु अपाङ्गता मैत्रि बनाई अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच सुनिश्चिता गर्ने छ ।

(४) गाउँपालिकाको स्वास्थ्य सूचकहरुको आधारमा स्वास्थ्य सेवा प्रवाहलाई सुनिश्चिता गर्नको लागि स्वास्थ्य सुचकहरु कमजोर रहेका क्षेत्रहरुमा स्वास्थ्य सेवा पहुँच विस्तार गरीने छ ।

(५) गाउँपालिकामा रहेका स्वास्थ्य संस्था तथा अनुसन्धान प्रतिष्ठानले आफ्नो संस्थागत योजनामा प्राथमिक उपचार, प्रसुति केन्द्र र आपत्तकालीन सेवालाई २४ सै घण्टा चालु अवस्थामा राख्नुपर्नेछ ।

(६) सामाजिक स्वास्थ्य विमामा गाउँपालिकाका नागरिकको पहुंच एवं उपभोग सुनिश्चीत गर्न गाउँपालिकाले कार्यक्रमगराई लागु गर्नेछ ।

**३७. महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार:**

(१) गाउँपालिका अन्तर्गतका महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार संरक्षण गर्न गाउँपालिका प्रतिबद्ध हुदै नेपाल सरकारबाट मिति २०७५/६/२ मा प्रमाणीकरण भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लाई पालना गर्नु गराउनु पर्ने छ।

(२) गाउँपालिका भित्र हुने महिला हिंसा, लैङ्गिक बिभेद, बालविवाह र छुईप्रथा (छाउपडी) तथा अन्य सामाजिक, साँस्कृतिक बाधा अवरोध र महिला, बालबालिका तथा आम जनताको स्वास्थ्यमा पर्ने प्रतिकुल असरलाई कम गर्न गाउँपालिकाले बहुपक्षिय समन्वयमा छुट्टै रणनीति बनाइ कार्यान्वयन गर्नुपर्नेछ।

**३८. गुणस्तरिय स्वास्थ्य सेवा:**

(१) गाउँपालिकाले गाउँपालिका बासीलाई तोकिएका स्वास्थ्य संस्था तथा स्थानबाट गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने छ।

(२) गाउँपालिकाले उपलब्ध श्रोत साधनको आधारमा गाउँपालिका बासीलाई स्वास्थ्य सेवा प्रदान गर्न देहायका कार्य गर्ने छ।

(क) स्वास्थ्य संस्थाहरुको गुणस्तर मापदण्ड संघिय सरकार र प्रदेश सरकारले तोकिए बमोजिम तयार गर्ने

(ख) स्वास्थ्य सेवा पहुचको अवस्था विश्लेषण गरि पहुच नपुगेका क्षेत्रहरुमा समतामुलक तवरबाट सेवा उपलब्ध गराउने

(ग) गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा निरन्तरता दिन कुनैपनि स्वास्थ्य संस्थामा दरबन्दी अनुसार कर्मचारीहरुको अभाव हुन नदिने।

(घ) गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुले संघिय सरकारको संक्रमण रोकथाम नर्देशिका बमोजिमको संक्रमण रोकथाम विधि अपनाउनु पर्ने छ।

**३९. स्वास्थ्य संस्था बाहिरबाट र गाउँपालिका बाहिरबाट प्रदान गरिने सेवा:**

(१) कुनै पनि स्वास्थ्य संस्था तथा इजाजत प्राप्त व्यक्तिले घरघरबाट सेवा प्रदान गर्न गाउँपालिकाको स्वीकृती र मापदण्ड अनिवार्य लिनुपर्ने छ यसरी दिएको सेवाको प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थामा दिनु सेवा प्रदायकको कर्तव्य हुनेछ।

(२) गाउँपाकिलाले स्वास्थ्य सूचना प्रभावकारी रुपमा प्रवाह गर्न विद्यालय स्वास्थ्य कार्यक्रम तय गरि लागु गनुपर्ने छ। गाउँपालिकाले मार्फत विधालय स्वास्थ्य कार्यक्रमको ढाँचा गाउँपालिकाले तोके अनुसार हुनेछ।

(३) घुम्ती स्वास्थ्य शिविर : कुनैपनि स्वास्थ्य संस्थाले घुम्ती शिविर सन्चालन गर्न गाउँपालिका वा तोकिएको निकायबाट स्वीकृत लिनु पर्ने छ। जस्का लागी गाउँपालिकाले मापदण्ड बनाई लागुगर्नु पर्ने छ।

(४) वीमाकार्यक्रम अनुसार राज्यले दिने सुविधा गाउँपालिका भित्र सम्भव नभई बाहिर जानु परेमा बिमाको निती नियम अनुसार हुनेछ।

(५) गाउँपालिका भित्र उपचार सम्भव नभएमा गाउँपालिकाले निर्णय गरी बाहिर पठाउन पर्ने भएमा गाउँपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ।

(६) नेपाल बाहिर अन्यत्र गई स्वास्थ्य सेवा लिने भएमा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ।

**परिच्छेद ८**

**जन-स्वास्थ्यको संरक्षण, सम्वर्द्धन र वातावरणीय व्यवस्था**

**४०. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

(१) गाउँपालिका भित्रका वस्ती तथा समुदायमा सरुवा रोग फैलिएमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा तत्काल स्वास्थ उद्दार समूह RRT/CRRT, स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई सरुवा रोग लागेमा सो को जानकारी तत्काल नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ

(४) टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**४१. महामारी रोकथाम तथा नियन्त्रण गर्न तत्काल उपचार व्यवस्था गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(३) आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिमको द्रुत प्रतिकार्य टोलीको निर्माण गाउँ कार्यपालिकाले गर्नुपर्नेछ ।

(४) महामारी तथा विपद व्यवस्थापनका लागि गाउँपालिकाले विपद जोखिम न्यूनिकरणका लागि विपद प्रतिकृया एवं पूर्व तयारी योजना बनाई लागु गर्नुपर्नेछ ।

**४२. सरसफाइ तथा फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) स्वास्थ्य जन्य फोहरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमनका लागि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

(६) प्रत्येक स्वास्थ्य संस्थाले तोकेको मापदण्ड बमोजिम जोखिमरहित र जोखिमयुक्त फोहरहरुलाई छुट्याई व्यवस्थापन गर्ने कर्तव्य हुनेछ ।

(७) प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थामा सेवा प्रदायकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

(८) ग्रामिण रोजगार कार्यक्रम तथा बेरोजगार भत्ता लगायतका कार्यक्रममा महिनामा कम्तीमा ४ दिन सरसफाईको कार्य दिन छुट्याई सरसफाईमा युवा परिचालन गरिनेछ ।

तातोपानी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७६

(९) प्लाष्टिक जन्य झोला तथा बस्तुलाई निरुत्साहित गर्ने ।

**४३. जनस्वास्थ्यको संरक्षण, सम्वर्द्धन**

(१) गाउँपालिका भित्र खाद्यान्न, मासु, पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ बनाउने सम्बन्धमा संघीय सरकार र प्रदेश सरकारले तोकेको र प्रचलित कानुनलाई आधार मानी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) गाउँपालिका भित्र ध्वनी, वायू तथा जल प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनिकरण गर्नका लागि संघीय कानुन, प्रदेश सरकारले तोकको मापदण्ड अनुसार हुनेछ ।

(३) वातावरणीय प्रदुषण तथा फोहोरमैलाबाट पर्ने प्रतिकुल प्रभाव नियन्त्रणका लागि संघीय सरकार, प्रदेश सरकारको मापदण्डलाई नै लागु गरिनेछ ।

(४) संघ र प्रदेशबाट प्राप्त भएका तथा स्थानिय स्तरबाट स्वास्थ्य शिक्षा, सुचना तथा संचार सामग्रीहरुको उत्पादन तथा वितरण कार्यलाई जोड दिई, सामाजिक व्यवहार परिवर्तन कार्यलाई निरन्तरता प्रदान गरी प्रभावकारी व्यवस्थापन गरीने छ ।

**४४. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकुल असर गर्ने कुनैपनि विज्ञापन सामाग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाईने छैन ।

(६) मानसिक तथा शारिरीक स्वास्थ्यलाई असर गर्ने कुनै सामाग्री तथा सेवा तर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाईने छैन ।

(७) उपदफा (५) र (६) बमोजिमको हर्कत देखिएमा कार्यपालिकाको निर्णय बमोजिम कारवाहीको लागि स्थानीय प्रशासनमा सिफारिश गरिनेछ ।

## परिच्छेद ९

## स्वास्थ्य, वित्त र सामाजिक सुरक्षा

**४५. स्वास्थ्य सेवाको लागि बित्त व्यवस्थापन:**

(१) यस ऐनमा उल्लेखित सबै प्रकारका स्वास्थ्य सेवा प्रवाह गर्न गाउँपालिकाले कुल बजेटको कम्तीमा १० प्रतिशत छुट्याई प्रयाप्त बजेट स्वास्थ्य सेवामा छुट्याउनेछ । आवश्यकता अनुसार बजेट बढाउदै लैजानु पर्ने छ ।

(२) गाउँपालिकाका भित्रका नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन कोषको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने **"आकस्मिक स्वास्थ्य सेवा कोष"** मा देहाय बमोजिमका रकमहरु रहने छन्

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) गैह्र सरकारी तथा निजि संघ संस्थाबाट प्राप्त रकम ।

(घ) दातृ निकायबाट प्राप्त रकम ।

(ङ) गाउँपालिकाबाट कोषको लागि विनियोजित रकम ।

(४) उपदफा (२) बमोजिमको आकस्मिक स्वास्थ्य सेवा कोषको संचालन तथा व्यवस्थापन विधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा उपलब्ध रकम वा श्रोतको परिचालन स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम प्रचलित कानूनको अधिनमा रही परिचालन गर्नुपर्नेछ ।

(६) हरेक स्वास्थ्य संस्थाको आर्थिक कारोबार संचालनका लागि छुट्टै बैंक खाता हुनेछ र उक्त खाताको संचालन उपदफा (५) बमोजिमको अधिनमा रही सम्बन्धित स्वास्थ्य संस्था रहेको वडाको वडा सचिव र स्वास्थ्य संस्था प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) प्रत्येक स्वास्थ्य संस्थाहरुले वार्षिक लेखा परिक्षण गर्ने व्यवस्था लागु गरिनेछ

(८) गाउँपालिका स्तरमा समेत स्वास्थ्य कार्यक्रमको वार्षिक लेखा परिक्षण गरिनेछ ।

**४६. सामाजिक सुरक्षा :**

(१) नेपाल सरकारद्वारा कार्यान्वयनमा रहेको स्वास्थ्य विमामा गाउँपालिकाका सबै नागरिकलाई आवद्ध गराइनेछ । आर्थिक अभावका कारण विमामा आवद्ध हुन नसक्ने अति विपन्न तथा पछाडि परेका वर्गलाई गाउँपालिकाले संघीय, प्रदेश सरकारसँगको सहकार्यमा निःशुल्क विमा गेराउने व्यवस्था गर्नुपर्नेछ ।

(२) गाउँपालिका भित्र रहेका लक्षित वर्ग, महिला, बालबालिका, असहाय, अति बिपन्न तथा अन्य लक्षित समुहलाई विशेष सामाजिक स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद १०

## स्वास्थ्य अनुसन्धान, सूचना ब्यवस्थापन, अनुगमन, मुल्याङ्कन

**४७. स्वास्थ्य अनुसन्धान:**

(१) गाउँपालिकाले स्वास्थ्य सेवा संग सम्बन्धित बिषयमा अध्ययन, अनुसन्धान, खोजको व्यवस्था गर्न सक्नेछ ।

(२) गाउँपालिका भित्र उपलब्ध औषधी जन्य जडीवुटीको अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण विकास , उपभोग गर्न बहुपक्षीय सहकार्य (स्थानीय तह , निजिक्षेत्र तथा अन्य मन्त्रालय सँग) गर्न छुट्टै मापदण्ड बनाई कार्य गर्नेछ ।

**४८. सूचना ब्यवस्थापन:**

(१) स्वास्थ्य सेवा सुचना व्यवस्थापन तथा आपूर्ति व्यवस्थापन सुचना प्रणालीलाई अन्य स्थानिय तह सगँको सहकार्यमा व्यवस्थित गर्नु पर्ने छ र सो को आधारमा प्रत्येक बर्ष स्वास्थ्य क्षेत्रको वार्षिक रिपोर्ट तयार गर्नुपर्ने छ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिएबमोजिमको अभिलेख राख्ने र सो अनुसारको प्रतिबेदन तोकिएको निकाय समक्ष प्रतिवेदन पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको दायीत्व हुनेछ ।

(३) गाउँपालिकाले स्वास्थ्य संस्थाबाट प्राप्त तथ्याङकको विश्लेषण तथा बिवेचना गरी सो को आधारमा योजना तर्जुमा गरी कायान्वयन गर्नु पर्ने छ ।

(४) विधुतिय सुचना प्रणालीको विकार तथा विस्तारलाई स्वास्थ्य संस्था तह सम्म लगिने छ ।

**४९. अनुगमन, मुल्याङ्कन:**

(१) गाउँपालिका मातहत रहेका सरकारी स्वास्थ्य संस्था तथा गाउँपालिकाले स्वीकृती प्रदान गरेका निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले तोकिएको मापदण्ड अनुसार सेवा प्रदान र सर्त पूरा गरे नगरेको सम्बन्धमा तातोपानी गाउँपालिका आफै वा अन्य निकाय मार्फत नियमन , निरिक्षण अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको निरिक्षण अनुगमनबाट प्राप्त नतिजामा उल्लेखित मापदण्ड पालाना गरेको नदेखिएमा त्यस्ता स्वास्थ्य संस्थाको नविकरण रोक्ने तथा सन्चालन समेत बन्द गर्न सकिने छ ।

(३) गाउँपालिकाबाट स्वीकृत प्राप्त निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको नियमन , अनुगमन तथा मुल्याङ्कन गाउँपालिकाको अनुगमन, मुल्याःकन तथा सुपरिवेक्षण निर्देशिकाले तोके अनुसार हुनेछ ।

## परिच्छेद ११

## स्वास्थ्य सेवा प्रवाहमा सुशासन

**५०. स्वास्थ्य सेवामा सुशासन:**

(१) गाउँपालिका भित्र प्रत्येक सरकारी स्वास्थ्य सेवामा सुशासन कायम गरि जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नस्वास्थ्य संस्थाहरुमा एक व्यवस्थापन समिति रहनेछ ।

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिहरुले स्थानीय श्रोत साधन समेत परिचालन गरि सेवालाई गुणस्तरीय बनाउन र समतामुलक हिसाबले सेवा प्रवाह गर्न स्वास्थ्य संस्थालाई परिचालन गर्नुपर्नेछ ।

(३) गाउँपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाहरुले आफूले बर्षभरी प्रदान गरेको स्वास्थ्य सेवाको सामाजिक लेखा परिक्षण गराउनुपर्नेछ

(४) गाउँपालिकाले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने हिंसा रोक्न र सुरक्षा प्रदान गर्न बहुपक्षीय समन्वय गरि छुट्टै व्यवस्था गर्नुपर्नेछ । यस्तो कार्य गर्दा स्थानीय तहको अगुवाई र सहकार्य सुनिश्चित गर्नुपर्नेछ ।

**५१. स्वास्थ्य संस्था तथा सेवा प्रदायकको कर्तब्य:**

(१) प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समय समेत खुलाई सुचना प्रवाह गर्नुपर्नेछ ।

(२) सुचनाहरु प्रवाह गर्दा नागरिक बडापत्र वा अन्य विभिन्न संचार माध्यमद्धारा जनतासम्म प्रवाह गर्नुपर्नेछ ।

(३) स्वास्थ्य सेवामा गरिब र पछाडी परेका बर्गको पहुँच स्थापीत गर्ने कार्यविधि र सेवाग्राहीले सेवा नपाएको गुनासो ब्यवस्थापन गर्ने कार्यविधी समेत उल्लेख गरि सुचना प्रवाह गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा उपचार लगायतका सुचनाहरु गोप्य राख्नुपर्नेछ । यस्ता सूचना सार्वजनिक गर्नुपरेमा प्रचलित कानुनको अधिनमा रहेर मात्र गर्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको संक्रमण नहुने र रोक्ने तर्फ तोकिएको सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्नेछ ।

(६) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले स्वास्थ्य उपचार गर्दा सबैलाई सम्मान र आदर ब्यवहार गर्नुपर्नेछ । कसैलाई नीजको सम्पत्ति, धर्म, वर्ग, जातजाती, लिङ्ग, पेशा, भौतिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, वैवाहिक स्थिती, गर्भावस्था, बैचारीक आस्था वा यस्तै अन्य कुनै आधारमा स्वास्थ्य उपचारमा भेदभाव गर्नु गराउनु हुँदैन । तर बिरामीको स्वास्थ्य स्थितिको गम्भिरताको आधारमा स्वास्थ्य संस्थाले उपचार अगाडी पछाडी गर्न भने सक्नेछ ।

(७) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुले सम्बन्धित परिषद तथा निजामति सेवा नियमावली अनुसारको पेशागत आचरण पालना गर्नुपर्नेछ ।

(८) स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था, रोगको निदान प्रकृया, उपचार विधि र प्रकृया, उपचार बिकल्प र उपचार गर्नलाग्ने अनुमानित खर्च तथा सम्भावित परिणाम र उपचार नगराए उत्पन्न हुने सम्भावित जोखिम समेतका बारेमा बिरामीले बुझ्ने गरि जानकारी गराउनुपर्नेछ ।

(९) माथि जेसुकै लेखिएको भएतापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सुचना सम्वन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा नीजको परिवारको उमेर पुगेको सदस्यलाई दिनुपर्नेछ ।

**५२. सेवाग्राहीको कर्तब्य:**

(१) स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसंग सेवा लिने सेवाग्राहीको कर्तब्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने (खानपीन, योग तथा शारीरिक ब्यायाममा ध्यान दिने) र स्वास्थ्य संस्थाबाट दिइने सेवा लिने र संस्थाको नियम पालना गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्न प्रचलित कानुन नेपाल सरकार, प्रादेशिक सरकार तथा गाउँपालिकाले समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्बन्धि कार्यक्रममा समावेस हुनु प्रत्येक गाउँपालिका बासीको कतर्व्य हुनेछ ।

(ग) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचारमा स्वास्थ्यकर्मीलाई सघाउने

(घ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्यकर्मीप्रति कुनैपनि किसिमको हिंसा नगर्ने, आवश्यकता अनुसार उपचार सहमती फाराम (मन्जुरीनामा) मा हस्ताक्षर गर्ने ।

ङ) स्वास्थ्य संस्थाले प्रेषण गरेको संस्थामा गई सेवा लिने ।

## परिच्छेद १२
## कसुर र सजाय

**५३. कसुर :**

(१) तोकिए बमोजिम इजाजत प्रत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा

(२) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा

(३) स्वास्थ्य संस्थाले आधारभुत स्वास्थ्य सेवा तथा उपलब्ध आकास्मिक सेवा प्रदान गर्न इन्कार गरेमा

(४) दफा ४४ बमोजिम कसैले विज्ञापन, बिक्रि वितरण गरेको पाइएमा

(५) ऐनमा उल्लेख भए बमोजिम सहमती नलिई उपचार गर्ने, सेवा ग्राहीलाई समान व्यवहार नगर्ने र गोपनियता कायम नराखेमा

(६) स्वास्थ्य कर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सुचना दिएको तथा अर्को व्यक्तिलाई वहाना गरेमा

(७) यस ऐन तथा अन्तरगर्त बनेका मापदण्ड , निर्देशिका , नियम , कार्यबिधि , को पालना नगरेमा

(८) बिना इजाजत औषधीजन्य जडीवुटीको किनबेच ओसार पसार र अनाधिकृत रुपमा उपचारमा तिनको प्रयोग गरेमा

(९) म्याद सकिएका औषधीहरु , खाद्य तथा पेय पदार्थ बिक्रि वितरण गरेमा

(१०) दफा ४२ बमोजिम सरसफाई तथा फोहोरमैला सम्वन्धी नियम पालना नगरेमा

तातोपानी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७६

**५४. सजायः**

(१) दफा (५३) उपदफा (१) अनुसारको कसुर गरेमा सघियं सरकार को कानुन अनुसार सजायँ हुनेछ ।

(२) दफा (५३) उपदफा (२), (३) र (५) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(३) दफा (५३) उपदफा (४) र (७) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(४) दफा (५३) उपदफा (६) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(५) दफा (५३) उपदफा (८) र (९) अनुसारको कसुर गरेमा ५० हजार देखि १ लाख रुपैया सम्म जरिवाना वा ६ महिना देखि १ वर्ष कैद वा दुवै सजाय हुनेछ ।

(६) दफा (५३) उपदफा (१०) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैयाँ सम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुनेछ ।

(७) प्रचलित कानुन अनुसार हुनेः यी दफा अनुसार सजायं हुने कार्यलाई नेपालको प्रचलित कानुनले छुटै सजाय हुने व्यवस्था गरेको रहेछ भने सो सजाय समेत थप हुनेछ ।

## परिच्छेद १३
## विविध

**५५. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सवैको कर्तव्य हनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार हुनेछन् । भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि वहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

**५६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सन्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिश लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**५७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः**

स्वास्थ्य सेवा सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

तातोपानी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७

**५४. सजायः**

(१) दफा (५३) उपदफा (१) अनुसारको कसुर गरेमा सघियं सरकार को कानुन अनुसार सजायँ हुनेछ ।

(२) दफा (५३) उपदफा (२), (३) र (५) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(३) दफा (५३) उपदफा (४) र (७) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(४) दफा (५३) उपदफा (६) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(५) दफा (५३) उपदफा (८) र (९) अनुसारको कसुर गरेमा ५० हजार देखि १ लाख रुपैया सम्म जरिवाना वा ६ महिना देखि १ वर्ष कैद वा दुवै सजाय हुनेछ ।

(६) दफा (५३) उपदफा (१०) अनुसारको कसुर गरेमा २ हजार देखि ५० हजार रुपैयाँ सम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुनेछ ।

(७) प्रचलित कानुन अनुसार हुनेः यी दफा अनुसार सजायं हुने कार्यलाई नेपालको प्रचलित कानुनले छुटै सजाय हुने व्यवस्था गरेको रहेछ भने सो सजाय समेत थप हुनेछ ।

## परिच्छेद १३
## विविध

**५५. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको कर्तव्य हनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार हुर्नेछन् । भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुर्नेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि वहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

**५६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिश लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**५७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

५८. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ। आमा समूह, धामी झाक्री र आम्ची पुरोहितको स्वास्थ्य र सरसफाई क्षेत्रमा गाउं पालिकाले कार्यविधि तयार गरि परिचालन गर्न सक्नेछ।

५९. गाउंपालिकाले हरेक वडा वा गाउंमा स्वास्थ्य सम्बन्धी सरसल्लाह, परामर्श सूचना प्रदान गर्न शिक्षित युवा तथा विद्यार्थी स्वयमसेवक परिचालन गरि स्वास्थ्य तथा सरसफाई परामर्श केन्द्र स्थापना गर्न सक्नेछ।

**६०. प्रगति विवरण गाउँपालिका समक्ष बुझाउनु पर्ने**

(१) गाउँपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले माशिक, चौमाशिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) नीजि स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) (२) मा जेसुकै उल्लेख भएपनि गाउँपालिकाको तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ।

६१. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

**६२. पुनरावेदन:** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**६३. नियम बनाउने अधिकार:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**६४. संक्रमणकालीन व्यवस्था:** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**६५. बाधा अडकाउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

**६६. बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ।